**जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल**
हुलाक मन्जुषा २१२५, न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं ।
फोनः ४४२९७४१ फ्याक्सः ४४१९६१०
इमेलः wafed@ntc.net.np;
वेवसाइट: www.wafed-nepal.org

२०६४ माघ २४ (७ फ्रेबुअरी २००८)

प्रेस विज्ञप्ति

**सरकारद्वारा नेपाल खानेपानी संस्थान केयुकेएललाई हस्तान्तरण गर्ने कार्य अनुचित तथा असम्बैधानिक**

नेपाल सरकारले यही माघ २० गतेका दिन मेलम्ची खानेपानी आयोजनाको प्रमुख लगानीकर्ता एसियाली विकास बैंकले लादेको ऋणलगानीको अनुचित पूर्वसर्त सामु घुँडा टेक्दै खानेपानीजस्तो आधारभूत सार्वजनिक सेवालाई काठमाडौं उपत्यका खानेपानी लिमिटेड (Kahmandu Upatyaka Khanepani Limited - KUKL) नामक कम्पनीलाई सुम्पेकोप्रति यस जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल (वाफेड) को गम्भीर ध्यानाकर्षण भएको छ । यसबाट दोस्रो जनआन्दोलनको उपलब्धिस्वरुप निर्मित नेपालको अन्तरिम संविधान २०६३ मा स्वास्थ्यको मौलिक अधिकारअन्तर्गत समाविष्ट प्रत्येक नागरिकको निःशुल्क वा सर्वसुलभ मूल्यमा राज्यको अनिवार्य दायित्वस्वरुप प्राप्त हुनुपर्ने खानेपानीलाई कम्पनीमा हस्तान्तरण गर्दा खानेपानी वस्तुमा परिणत भई व्यापारिक क्षमताहुनेहरू तथा चर्को मूल्य चुक्ता गर्न सक्नेहरूले मात्र पानीको उपभोग गर्न सक्ने हुनाले महङ्गो मूल्य तिर्न नसक्ने आम जनताको पानी माथिको आधारभूत मानवअधिकारको समेत गम्भीर उल्लंघन हुने निश्चित छ ।

विगतमा वाफेडलगायतका विभिन्न अभियानकारी समुह, उपभोक्ताको हक र हितका निमित्त कार्यरत संघसंस्था, विभिन्न सामुदायिक संगठन तथा स्वयम् नेपाल खानेपानी संस्थानका पदाधिकारी र कर्मचारीहरुले समेत संस्थानलाई विघटन गर्नुको सट्टा यसमा व्यापक सुधार गर्दै खानेपानी सेवालाई सार्वजनिक सेवाकै रुपमा कायम राखिरहनु पर्ने भन्दै विभिन्न अभियानहरु सञ्चालन गरेका थिए । कुनै पनि रुपमा खानेपानी सेवाको निजीकरण संविधान तथा मानवअधिकारविपरित हुने भन्दै आन्दोलन र मुद्दामामिला गरेका थिए । नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) का तर्फबाट सरकारमा संलग्न आवास तथा भौतिक योजना मन्त्री हिसिला यमीले राष्टिय हितअनुकूल हुने गरी ऋणदाता एसियाली विकास बैंकसमक्ष लिएको सह्रानीय अडानका कारण खानेपानीको निजीकरणमा सहभागी बेलायती भ्रष्ट कम्पनी सेभर्न टेन्ट वाटर इन्टरन्याश्नल्लाई नेपालबाट लखेट्ने कुरामा सफलता हासिल गरेका थिए । तर सरकारलाई नेपाल खानेपानी संस्थानलाई विघटन गरेर यसको सम्पूर्ण सम्पत्ति तथा दायित्व निजी कम्पनीका रुपमा स्थापित केयुकेएललाई सुम्पेपछि अब राजधानीबासीको खानेपानी सेवाको आधारभूत अधिकार धरापमा परेको छ ।

वाफेड संस्थानलाई विघटन गर्दै प्रत्यक्ष वा अप्रत्यक्षरुपमा खानेपानी सेवालाई निजीकरण गर्ने सरकारी निर्णयप्रति घोर आपत्ति प्रकट गर्दै उक्त निर्णयमाथि पुनर्विचार गर्न अनुरोध गर्दछ । साथै सम्पूर्ण नेपालीहरुका लागि सेतो हात्ती साबित भइसकेको महंगो र अनावश्यक मेलम्ची खानेपानी आयोजनालाई बहुद्देश्यीय आयोजना (खानेपानी, सिँचाइ र विद्युत उत्पादन) का रुपमा मात्र नेपालकै आवश्यकता र प्राथमिकताअनुसार मात्र अघि बढाउन तथा काठमाडौं उपत्यकाभित्रै उपलब्ध खानेपानी स्रोतका अथाह विकल्प र चुहावट नियन्त्रमा ध्यान दिन आग्रह गर्दछ ।

रामचन्द्र चटौत
अध्यक्ष